स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल ।

पत्र संख्याः-०८०/८१
चलानी नम्बरः- १६५४

मितिः २०८१/०२/०७

नेपाल संवत्: ११४४ वछलाथ्व, १२ सोमबार

**श्री वडा कार्यालय/स्वास्थ्य संस्था/विद्यालय/विषयगत शाखाहरू (सबै),**
**श्री सेवाग्राहीहरू/उपभोक्ता समिति/निर्माण व्यवसायी/सङ्घ-संस्था/सप्लायर्सहरु (सबै)।**

**विषयः सम्झौता तथा भुक्तानीको लागि फाइल पेस गर्ने तथा खाता बन्द हुने सम्बन्धमा।**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) मा उल्लेख भए बमोजिम, महालेखा नियन्त्रक कार्यालय, काठमाडौँ तथा कोष तथा लेखा नियन्त्रकका कार्यालय, रुपन्देहीबाट प्राप्त जानकारी अनुसार आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने, कर दाखिला गर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरू फिर्ता गरी सो को भौचर कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनुपर्ने व्यवस्था भएको र उक्त समयमा चाप बढी भई सर्भर डाउन हुने र सिस्टम नचल्ने अवस्था हुन जाने भएको हुँदा आर्थिक वर्ष २०८०/८१ मा यस मायादेवी गाउँपालिका रुपन्देहीबाट विनियोजित तथा सञ्चालित योजना तथा कार्यक्रमहरू मिति २०८१/०२/१५ गते भित्र सम्झौताका लागि पेस गर्ने र सम्झौता भई कार्यान्वयनको चरणमा रहेका योजना तथा कार्यक्रमहरू मिति २०८१/०३/१० गते भित्र सम्पूर्ण कार्य सम्पन्न गरी २०८१/०३/१५ गते सम्म अनिवार्य रूपमा भुक्तानी लिन आउनुहुन अनुरोध छ। उल्लेखित अवधिमा सम्पूर्ण प्रक्रिया पूरा गरी रकम भुक्तानीको लागि फाइल पेस नगरेको कारणबाट र संघ तथा प्रदेश सरकारले थप निर्देशन गरेकोमा बाहेक भुक्तानी नभएमा कार्यालय जबाफदेही नहुने व्यहोरा सम्पूर्णमा जानकारी गराईन्छ।

कृष्ण प्रसाद ज्ञवाली
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ:**

श्री अध्यक्षज्यू, मायादेवी गाउँपालिका।
श्री उपाध्यक्षज्यू, मायादेवी गाउँपालिका।

**कार्यार्थ:**

श्री योजना तथा अनुगमन शाखा, मायादेवी गाउँपालिका। (तोकिए बमोजिम योजना तथा कार्यक्रम सम्झौता तथा सम्पन्न गराउनका लागि आवश्यक समन्वय सहजीकरण गर्नुहुन)।
श्री सूचना प्रविधि शाखा, मायादेवी गाउँपालिका। (वेभसाईट, सूचना पाटी तथा सामाजिक सञ्जालमार्फत सूचना सार्वजनिक गर्ने व्यवस्था मिलाउनुहुन)।